एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

मिति: २०८० कार्तिक १५ गते

**एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३२ औं साधारण सभा**

**सर्कुलर ३ !!!**

**साधारण सभामा समर्थक/व्यक्तिगत सदस्यहरूको प्रतिनिधित्व गर्दै भोटिङ्ग डेलिगेटको रूपमा सहभागिताका लागि इच्छापत्र आह्वान गरिएको बारे**

सम्पूर्ण समर्थक/व्यक्तिगत सदस्यज्यूहरू,

बत्तिसौं साधारण सभामा समर्थक सदस्यको तर्फबाट एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन २००१) को सातौं संशोधन २०७८ (सन २०२१) बमोजिम सहभागी हुने मताधिकारसहितका दुई जना प्रतिनिधि चयनका लागि नेसनल बोर्डद्वारा निर्धारित देहाएको प्रकृयाबमोजिम मिति २०८० मंसिर १५ र १६ लुम्बिनी प्रदेशमा सम्पन्न हुने बत्तिसौं साधारण सभामा समर्थक/व्यक्तिगत सदस्यहरूको तर्फबाट प्रतिनिधिका रूपमा सहभागी हुन चाहने सदस्यहरूलाई तल उल्लिखित गुगल फारम यही मिति **२०८० कार्तिक २२** गतेभित्र भर्नका लागि यसैसाथ अनुरोध गरिन्छ। सो मितिभन्दा पछि भरिएको फारमले मान्यता पाउने छैन।

यस फारममा प्राप्त भएका आवेदनवहरूलाई महिला र पुरूषमा विभाजन गरी बोर्डले निर्धारण गरेबमोजिमको मतदान प्रकृयाका लागि पुनः निर्धारित समयभित्र सम्पूर्ण समर्थक सदस्यहरूलाई सम्पर्क गरिने यसै साथ अनुरोध गरिन्छ।

यस प्रकृयामा मिति २०८० कार्तिक १५ गते अगावै सदस्यता लिएका र/वा नविकरण गरेका समर्थक सदस्यहरूको मात्र सहभागिता रहने छ ।

**गुगल फारम :** https://forms.gle/ZyCG6X1PTtkuKsbr5

***साधारण सभामा समर्थक सदस्यहरूको सहभागितासम्बन्धी प्रकृया***

**नेसनल बोर्डले निर्धारण गरेको प्रकृया**

१. एम्नेस्टी नेपालका समर्थक सदस्यहरूले एम्नेस्टी नेपालको साधारणसभामा प्रतिनिधिमूलक सहभागिता जनाउने छन्। यसका लागि कूल समर्थक सदस्यहरूमध्येबाट दुई जना सदस्य (एकजना महिला र एकजना पुरुष) लाई साधारण सभामा मताधिकारसहित सहभागिता गराइनेछ।

२. यस्तो सहभागिताका लागि एम्नेस्टी नेपालको वार्षिक साधारण सभा हुने मितिबाट एक महिना अघि एम्नेस्टी नेपाल सचिवालयले सबै समर्थक सदस्यहरूलाइ साधारण सभामा सहभागिताका लागि तोकिएको ढाँचामा अभिरुची पत्र (expression of interest) भरी सचिवालयमा बुझाउनका लागि पत्राचार गर्नेछ। यसरी अभिरुची पत्र बुझाउनका लागि सात दिनको समयावधि दिइनेछ।

३. यसरी प्राप्त भएका अभिरुची पत्रहरूलाई सचिवालयले एकतृत गरी महिला र पुरुपमा क्लस्टरिङ् गर्नेछ। यदि एकजना भन्दा बढी सदस्यहरूले यस्तो रुची जाहेर गरेका छन् भने सचिवालयले महिला र पुरुष प्रतिनिधिका रूपमा साधारण सभामा सहभागी हुन इच्छा जाहेर गरेका प्रत्येक सदस्यहरूको नाम महिला र पुरुष श्रेणीमा लिस्टिङ्ग गरी अनलाइन भोटिङ्गका लागि सम्पूर्ण समर्थक सदस्यहरूलाइ पाँच दिनको समयसीमासहित सूचित गर्नेछ। निर्धारित पाँच दिनको समयसीमा सकिएपछि अनलाइन भोटिङ्मा प्राप्त भएको मतको आधरमा सवैभन्दा बढी मत प्राप्त गर्ने एक एकजना महिला र पुरुष प्रतिनिधिको चयन गरी सोको जानकारी सबै समर्थक सदस्यहरूलाई गराइनेछ।

४. यसरी भोटिङ् गर्दा महिला र पुरुष प्रत्येक क्लस्टरवाट यदि दुई जनाको समान मत प्राप्त भएमा सचिवालयले एउटा खुला र पारदर्शी गोला प्रथाका माध्यमवाट साधारण सभामा सहभागी हुने प्रतिनिधिको चयन गर्नेछ र सोको जानकारी सबै समर्थक सदस्यहरूलाई प्रदान गर्नेछ।

५. यसरी निर्वाचित प्रतिनिधिले कुनै कारणवश साधारण सभामा सहभागिता जनाउन नसकेमा उक्त ठाउँमा अर्को समर्थक सदस्यले सूहभागिता जनाउन सक्ने छैन।